# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड १३ संख्या ५ मिति २०८१।०२।२१


# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

# फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१

**स्वीकृत मितिः२०८१।०२।१४**
**प्रमाणिकरण मितिः२०८१।०२।१७**

**प्रस्तावना**: शारदा नगरपालिकाका बजारीकरण उन्मुख क्षेत्रहरुबाट निष्कासन हुने फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने स्थलहरु निर्माण तथा फोहरमैला उठाउने, विसर्जन गर्ने स्थलसम्म पुऱ्याउन आवश्यक पर्ने सवारी साधन, मेसिन उपकरणहरु नगरपालिकाले बजारक्षेत्रमा क्रियाशिल सामुदायिक तथा निजी संघ, संस्था, समितिलाई हस्तान्तरण गरी ती संघ, संस्था समितिबाट पूर्णरुपमा सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय देखिएकोले फोहरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा भएको व्यवस्था कार्यान्वयनका लागि नगर कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद- १ एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "शारदा नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा**: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "नगरपालिका" भन्नाले शारदा नगरपालिकालाई सम्झनु पर्दछ।

ख) "प्रमुख" भन्नाले शारदा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

ग) "उपप्रमुख" भन्नाले शारदा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ङ) "वडा कार्यालय" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २(द) बमोजिमको वडा कार्यालय सम्झनुपर्दछ।

च) "वडाध्यक्ष" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २(ध) बमोजिमको वडाध्यक्षलाई सम्झनु पर्दछ।

छ) "संघ/संस्था/समिति" भन्नाले बजार व्यवस्थापन फोहरमैला व्यवस्थापन जस्ता क्षेत्रमा क्रियाशिल सम्बन्धित निकायमा नियमानुसार दर्ता भई सञ्चालनमा रहेका संघ/संस्था/समिति सम्झनु पर्दछ।

ज) "फोहरमैला व्यवस्थापन" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, वा हानिकारक फोहरमैला लगायत वातावरणमा ह्रास आउनेगरी निष्काशन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका पदार्थ तथा वस्तुहरुलाई वर्गीकरण गर्ने, छुट्ट्याउने, थुपार्ने, उठाउने, पुन प्रयोग गर्ने, ढुवानी गर्ने, फाल्ने, नष्ट गर्ने जस्ता कार्यलाई सम्झनु पर्दछ।

झ) "सामग्री तथा उपकरण" भन्नाले फोहरमैला संकलन गर्ने, जम्मा गर्ने, थुपार्ने, उठाउने, स्थानान्तरण गर्ने जस्ता कार्य गर्न प्रयोग गरिने सामाग्रीलाई सम्झनुपर्छ। सो शब्दले फोहरमैला ढुवानी गर्ने सवारी साधनलाई समेत जनाउँछ।

ञ) "फोहरमैला व्यवस्थापन स्थल" भन्नाले बजार तथा ग्रामीण क्षेत्रमा निष्काशन भएको फोहरमैला ढुवानी गरी विसर्जन तथा नष्ट गर्न तयार/निर्माण गरिएको वा तोकिएको स्थान/ठाउँलाई सम्झनु पर्दछ ।

ट) "कार्यविधि" भन्नाले शारदा नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्याविधि, २०७७ सम्झनु पर्छ ।

ठ) "साझेदार" भन्नाले शारदा नगरपालिकासंग फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी कार्यक्रममा साझेदारी गर्ने अन्य जुनसुकै निकायलाइ सम्झनु पर्दछ ।

ड) "सार्वजनिक निजी साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र निजी क्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानून बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत जोखीमको साझेदारीलाई सम्झनु पर्दछ ।

ढ) "निजी क्षेत्र" भन्नाले नाफा कमाउने वा नकमाउने गरी स्थापना भएको कम्पनी वा टोलविकास संस्था वा क्लब वा सामाजिक संघ संस्था लगायत यसले राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था समेतलाई सम्झनु पर्दछ ।

ण) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्दछ ।

त) "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाइ सम्झनु पर्दछ ।

थ) "औद्योगिक फोहरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदुषणयुक्त फोहरमैला सम्झनु पर्दछ ।

द) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्दछ ।

ध) "कन्टेनर" भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, वाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै बस्तु सम्झनु पर्दछ । सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेत जनाउदछ ।

न) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

प) "प्रदुषण" भन्नाले फोहरमैलाबाट निष्कने ठोस तरल वा ग्यास बस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पारी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्दछ ।

फ) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिर्वतन गरी मल, ग्यास, ऊर्जा वा अन्य कुनै उपयोगी वस्तु तयार गर्ने र फोहरमैलाको व्यवस्थापन गर्ने कार्य सम्झनु पर्दछ ।

ब) "पुन चक्रिय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्धारा संकलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी बस्तुको रुपमा विकास गरेर पुन प्रयोगमा ल्याउने कार्य सम्झनु पर्दछ ।

भ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रसायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ । सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरि निष्कासन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सुचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु पोष्टर, पम्पलेट, तथा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सुचना प्रकाशन गरि फोहरमैला भनि तोकिदिएको अन्य बस्तु समेतलाई जनाउँदछ ।

म) "फोहरमैला व्यवस्थापन स्थल" (स्यानिटरी ल्याण्डफिल्ड साइट) भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्दछ।

य) "रसायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव जन्तु एवम् वातावरणमा प्रतिकुल असर पार्ने सम्पूर्ण रसायनिक पदार्थ वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी रसायनिक फोहरमैला भनि तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ।

र) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्कासन हुने हानिकारक फोहरमैला सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य**:

यस कार्यविधिको प्रमुख उद्देश्य बेहाय बमोजिम रहेको छ ।

(१) फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाइ फोहरमैला व्यवस्थापनको जिम्मेवारी दिएकोमा सो जिम्मेवारी पूरागर्न प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुर्याउने ।

(२) फोहरमैला व्यवस्थापनको लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने ।

(३) शारदा नगरपालिका क्षेत्रमा रहेका विभिन्न संघ संस्था, छिमेकी स्थानीय तह र अन्य सामाजिक संघ संस्थाहरुसँग समन्वय गरी फोहरमैला व्यवस्थापनका लागि सचेतना अभिवृद्धि गर्न मद्दत गर्ने।

(४) फोहरमैला व्यवस्थापन तथा सरसफाईका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने।

(५) फोहरमैला व्यवस्थापनका क्षेत्रमा क्रियाशिल साझेदार संस्थाहरुको कार्यमा आवश्यक सहयोग पुऱ्याउने।

(६) फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग समन्वय कायम गर्न मद्दत गर्ने।

(७) फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैरसरकारी संघ संस्थासंग सहकार्य र साझेदार प्रबर्द्धन गर्ने।

(८) फोहरमैला व्यवस्थापन कार्यको सहभागितामूलक अनुगमन तथा मुल्यांकनको लागि आधार प्रदान गर्ने।

**४. कार्यविधिको प्रयोगकर्ता**

यस कार्यविधिको प्रयोग देहाय बमोजिमका व्यक्ति वा निकायले गर्न सक्ने छन्।

(१) शारदा नगरपालिका, वडा समिति, नगरपालिका क्षेत्र भित्रका नागरिक समाज, उपभोक्ता समिति, ठेकेदार, कर्मचारीहरु।

(२) नगरपालिका क्षेत्र भित्रका टोल विकास संस्था, सामुदायिक संस्था तथा यस कार्यमा प्रयोग हुने व्यक्ति तथा समुदायहरु।

(३) नगरपालिका क्षेत्र भित्र काम गर्ने राजनैतिक संयन्त्र, अनुसन्धानकर्ता, सामाजिक कार्यकर्ता, विकास साझेदार तथा अन्य सरोकारवाला निकायले पनि यसको प्रयोग गर्न सक्नेछन्।

**५. कार्यविधिको कार्य क्षेत्र र सीमा**

यस कार्यविधिमा फोहरमैला व्यवस्थापन तथा सरसफाईका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई समेट्न खोजिएको छ। शारदा नगरपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो कार्यविधि बनाएको हुँदा यसको कार्य सीमा शारदा नगरपालिका क्षेत्रमा मात्र रहनेछ। यसको साथै फोहरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान समेत यसमा आकर्षित हुने हुँदा यो कार्यविधिलाई नगरपालिका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका निकायले समेत मार्गदर्शनको रुपमा लिन सक्नेछन्। प्रस्तुत कार्यविधि अन्य स्थानीय तहको लागि समेत उपयोगी हुन सक्नेछ।

## परिच्छेद- २ दुई

### फोहरमैला व्यवस्थापन

**६. फोहरमैला वर्गीकरण**: (१) फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्ट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

**७. फोहरमैला निष्काशन**: (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिकाले सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा निर्धारण गर्न सक्नेछ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्दछ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइनेछैन।

**८. फोहरमैला व्यवस्थापन केन्द्र**: (१) नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा बस्तीमा संकलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा बस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ।

**९. जोखिमपूर्ण फोहरको व्यवस्थापन**: (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, विक्रीवितरण, विसर्जन वा ओसारपसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकुल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा सञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नुपर्नेछ।

**१०. फोहरमैला न्यूनीकरण, पुन प्रयोग तथा पुन चक्रीय प्रयोग**: (१) नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) औद्योगिक उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ।

## परिच्छेद : ३ तिन
## समिति सम्बन्धी व्यवस्था

**११. फोहरमैला व्यवस्थापन समिति**: (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गर्नको लागि नगरपालिकामा देहाय बमोजिम एक फोहरमैला व्यवस्थापन समिति रहनेछ।

क) नगर प्रमुख - संयोजक

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक - सदस्य

ङ) कार्यपालिका सदस्य महिला १ जना - सदस्य

च) सल्यान उद्योग वाणिज्य संघ/घरेलु/होटेल संघको प्रमुख वा प्रतिनिधि - सदस्य

छ) स्वास्थ्य/योजना/ पूर्वाधार तथा आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

न) नगर प्रहरी प्रमुख - सदस्य

झ) खानेपानी तथा सरसफाई इकाई प्रमुख - सदस्य सचिव

(२) यस कार्यविधि बमोजिम गठित समितिको नियमित बैठकमा कामसँग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

(३) आमन्त्रित पदाधिकारीले पनि बैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ।

(४) आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुनेछैन।

(५) व्यवस्थापन समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्नेछ। तर आवश्यकता महसुस भएमा जुनसुकै बेला पनि बोलाउन सकिनेछ।

(६) बैठक संयोजकको आदेशले सदस्य सचिवले बोलाउनेछ।

(७) कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

(८) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

**१२. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

(१) दफा (११) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिका भित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, कानून, योजना, कार्ययोजना निर्माण गरी नगर कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिका भित्र धेरै फोहरमैला निष्काशन हुने क्षेत्र तोकी फोहरमैला व्यवस्थापनको लागि संकलन केन्द्र, व्यवस्थापन स्थल निर्माण सम्बन्धमा स्थान निर्धारण गर्ने,

(ग) फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने औजार, उपकरण, सामग्री, सवारी साधन आदिको व्यवस्थाको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने,

(घ) आवश्यकताको आधारमा वडास्तरीय समिति गठन गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक वा निजीक्षेत्रलाई औजार उपकरण, सामग्री, सवारी साधन आदि हस्तान्तरण तथा संचालनमा आवश्यक सहयोग तथा समन्वय गर्ने,

(च) फोहरमैला व्यवस्थापनको सम्बन्धमा जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, प्रयोग, पुनःप्रयोग, न्यूनीकरण, विसर्जन जस्ता विषयमा आवश्यक कार्यहरु गर्ने,

(छ) फोहरमैला व्यवस्थापन कार्यको लागि आवधिक तथा बार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन र समीक्षा गर्ने ।

(ज) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाई क्षेत्र बनाउन पहल गर्ने ।

(झ) फोहरलाई श्रोतमा तथा व्यवस्थापन केन्द्रमा समेत वर्गीकरण गर्ने व्यवस्था मिलाउने ।

(ञ) बर्गीकृत फोहरहरुलाइ प्रशोधन गरी पुन प्रयोग योग्य वनाइ आय आर्जनको श्रोतको रुपमा रुपान्तरण गर्ने दिशातर्फ योजना बनाइ कार्यक्रमहरु तयार गर्ने ।

(ट) फोहर व्यवस्थापनमा क्रमश स्यानिटरी ल्याण्डफिल्ड साइटको अवधारणा अनुसार कार्य गर्ने ।

(ठ) ल्याण्डफिल्ड साइटलाई प्रदुषण शुन्य बनाउने तर्फ प्रयास गर्दै त्यसका नकारात्मक प्रभावलाई न्युनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ड) फोहर व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता वढाउन आवश्यक कार्य गर्ने ।

(ढ) ल्यान्डफिल्ड साइटको प्रभावित क्षेत्र पहिचान गरी त्यहाँका बासिन्दाहरुको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

(ण) फोहरबाट बायोग्यास जस्ता बैकल्पीक उर्जा उत्पादन गर्ने तर्फ आवश्यक पहल र व्यवस्था गर्ने ।

(त) फोहरबाट जनस्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्युनीकरणका लागि आवश्यक व्यवस्था मिलाउने ।

(थ) फोहर संकलन र व्यवस्थापनको प्रभाव क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(द) फोहरमैला व्यवस्थापनमा लगाएको शुल्कको समीक्षा गर्दै त्यसमा समायोचित पुनरावलोकन गर्ने ।

(२) उपदफा (१) मा उल्लेख भए देखि बाहेक फोहरमैला व्यवस्थापन सम्बन्धमा समितिले आवश्यक देखेका अन्य कुराहरु छलफलको विषयको रुपमा नगर कार्यपालिकामा पेश गर्न सक्नेछ।

**१३. उपसमिति वा कार्यदल सम्बन्धी व्यवस्था**:

(१) समितिले फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउने कार्य सुचारु रुपले सम्पादन गर्नका लागि आवश्यकता अनुसार विषय सँग सम्बन्धित विशेषज्ञ, नगरपालिका कार्यालयका विभिन्न शाखा प्रमुख, प्रभावित क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, फोहरमैला व्यवस्थापन सेवा क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, उद्योग बाणिज्य संघ समेत रहेका उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमित वा कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) फोहर व्यवस्थापनमा जनसहभागिता जुटाउन पहल गर्ने ।

(ख) फोहरमैला व्यवस्थापन कार्यको अनुगमन र मुल्यांकन गर्ने ।

(ग) फोहरमैला व्यवस्थापन कार्यको दिगो र प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने ।

(घ) फोहरमैला व्यवस्थापन कार्यको लागि आवश्यक श्रोत साधनको खोजी गर्ने ।

(ङ) फोहरमैला व्यवस्थापन क्षेत्रको लागि सम्भावित वैकल्पीक स्थानको खोजी गर्ने ।

(च) फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैर सरकारी संघ संस्था लगायतकासंग सहकार्य र साझेदारी गर्ने सम्भावनाहरुको खोजी गर्ने ।

**१४. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** (१) समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संयोजकको काम, कर्तव्य र अधिकार

१. समितिको बैठकको अध्यक्षता गर्ने ।

२. बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

३. बैठकमा प्रस्ताव तथा प्रतिवेदन पेश गर्ने गराउने ।

४. समितिका सदस्यहरुलाई कामको बाँडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

५. फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी सम्पूर्ण गतिविधिहरुको नेतृत्व गर्ने ।

६. वित्तिय तथा भौतिक श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

७. अन्य विभिन्न संघ संस्थासँग सम्झौता गर्नु पर्ने भए गर्ने गराउने ।

८. कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने ।

९. अनुगम मुल्यांकन गर्ने गराउने ।

१०. समितिबाट पारित बार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने ।

(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार

१. समितिको कार्यालय सञ्चालन गर्ने ।

२. संयोजकको निर्देशन अनुसार बैठक बोलाउने ।

३. संयोजकसँगको सल्लाहमा छलफलका विषय बस्तुहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

४. बैठकको निर्णय अभिलेख गरी राख्ने ।

५. बैठकको निर्णय कार्यान्वयन गर्ने ।

६. समितिको निर्णय अनुसार कार्य सञ्चालन गर्ने गराउने ।

७. सूचना तथा तथ्यांकहरु अभिलेख तथा अद्यावधिक गर्ने ।

(ग) सदस्यको काम, कर्तव्य र अधिकार

१. समितिको बैठकमा नियमित रुपमा भाग लिने ।

२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने।

३. फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यलाइ सहयोग पुग्ने गरी कार्यक्रमहरुको प्रस्ताव गर्ने ।

४. समितिको निर्णय अनुसार अन्य आवश्यक कार्य गर्ने गराउने ।

५. व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद- ४ चार

## सञ्चालन तथा व्यवस्थापन

**१५. सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाको कुनै बजारक्षेत्र तथा नगरक्षेत्रबाट फोहरमैला संकलन तथा ढुवानी गरी ल्याण्डफिल साईट डम्पिङ्ग साईट, विसर्जन स्थलसम्म पुर्‍याई व्यवस्थापन गर्ने गरी नगरपालिकाले कुनै समिति/संघ/संस्थालाई जिम्मेवारी दिन सक्नेछ। समिति/संघ/संस्थाको कार्य प्रगतिका आधारमा कार्यपालिकाको बैठकको निर्णय अनुसार अनुसार अर्को वर्षका लागी नविकरण गरि जिम्मेवारी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिम्मेवारी प्राप्त गर्ने कुनै समिति/संघ/संस्थाले नगरपालिकाबाट हस्तान्तरित सवारी साधन लगायत अन्य उपकरणहरुको संचालनको सम्पूर्ण जिम्मा लिनुपर्नेछ।

(३) सवारी साधन सञ्चालनको लागि चालकको व्यवस्था, इन्धनको व्यवस्था र मर्मत सम्भारको व्यवस्था समिति/संघ/संस्था आफैले मिलाउनु पर्नेछ।

(४) सवारी साधन लगायत नगरपालिकाबाट हस्तान्तरण हुने सामग्रीको सञ्चालन सम्बन्धमा अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

**१६. फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्थाः** यस नगरपालिकामा स्थायी वा अस्थायी रुपले बसोवास गर्ने, उद्योग व्यापार गर्ने, अध्ययन, औषधोपचार, पर्यटन तथा व्यवसायीक रुपले आवत जावत गर्ने आदिको साथै नगरपालिकाले फोहरमैला व्यवस्थापनको सम्वन्धमा देहाय बमोजिमको कार्य अनिवार्य रुपले पालना गर्नुपर्नेछ

(१) उद्योग, व्यापार व्यवसाय, पसल, भवन आविबाट निस्कने फोहरलाई सार्वजनिक स्थल, सडक, सडक किनारा, पेटी, सडक नाला, खाली स्थान, कुनाकाप्चा आदि स्थलमा फाल्न, राख्न, वा थुपार्न पाइने छैन। आ-आफ्नो घर, पसलका कुहिने प्रकृतिको फोहरलाई एउटा डष्टवीन (टोकरी) मा र नकुहिने प्रकृतिको फोहरलाई अर्को डष्टवीन (टोकरी) मा राखी नगरपालिकाको सरसफाई कर्मचारी वा साधन आए पछी जिम्मा लगाउनु पर्नेछ ।

(२) सरसफाईकर्मीहरुले टोल, सडक सफा गरी गइसकेपछी कुनै पनि किसिमको फोहर घर, पसल वाहिर वा सार्वजनिक स्थलमा राख्न, फ्याक्न वा थुपार्न पाइने छैन।

(३) सडक वा अन्य सार्वजनिक स्थानमा दिशा पिसाव गर्न गराउन पाइने छैन ।

(४) तोकिएको स्थान भन्दा वाहेक सडक वा अन्य सार्वजनिक स्थानमा पसल राखी कुनै पनि किसिमको व्यवसाय गर्न पाइने छैन ।

(५) सडक वा अन्य सार्वजनिक स्थानमा सडेगलेका फलफूल, तरकारी, हाडखोर वा अन्य कुनै पनि चिज बस्तु फाल्न थुपार्न पाइने छैन ।

(६) सेफ्टी ट्याङ्की वा शौचालयबाट निस्कने फोहर जथाभावी बाहिर वा ढलमा निष्कासन गर्न पाइने छैन।

(७) अस्पताल, नर्सिङ्गहोम, निजी क्लिनिक वा डिष्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहर सडक, वा अन्य सार्वजनिक ठाउँमा फाल्न, वा निष्कासन गर्न पाइने छैन। त्यस्ता फोहरको सुरक्षीत तवरले अन्तिम निष्कासन गर्ने व्यवस्था सम्वन्धित निकायहरुले आफुले नै गर्नु पर्नेछ। स्वास्थ्य केन्द्रका संक्रामक फोहरहरु कुनै पनि हालतमा अन्य फोहरहरुसंग निष्कासन गर्न पाइने छैन।

(८) औद्योगिक प्रतिष्ठान वा उद्योगबाट निस्केका फोहरमैला जथाभावी फाल्न, राख्न वा निष्कासन गर्न पाइने छैन। उद्योग खोल्दाको बखतको शर्त एवम् फोहरमैला व्यवस्थापन सम्बन्धी ऐन, नियम वा कार्यर्याविधि मा व्यवस्था भए बमोजिम त्यस्ता फोहरमैलालाई अन्तिम निष्कासन गर्ने व्यवस्था सम्बन्धित प्रतिष्ठान वा उद्योगले गर्नु पर्नेछ।

(९) उद्योग, पसल, घर, सार्वजनिक प्रतिष्ठान, सरकारी र गैरसरकारी प्रतिष्ठान, विद्यालयहरुलाई अनिवार्य रुपमा डष्टवीन (टोकरी) कन्टेनर वा कम्पोष्टवीन राख्न नगरपालिकाले अनिवार्य गर्न सक्नेछ

(१०) नगरपालिकाले संकलन भएको फोहरमैलालाई व्यवस्थित रुपले तह लगाइ नगरलाइ सौन्दर्य, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले संम्भाब्य र उपयुक्त ठहरिएको एक वा एक भन्दा बढी स्थानमा कम्पोष्ट चेम्बर, फोहोर मैला स्थानान्तरण केन्द्र र अन्तिम निष्कासन स्थल (Land fill site) को व्यवस्था गर्न सक्नेछ।

(११) नगरपालिकाले संकलन भएको फोहरमैला तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी छुट्याई त्यस्को अन्तिम निष्कासनको समुचित व्यवस्था गर्नेछ।

(१२) नगरपालिकाले निजी वा सार्वजनिक फोहरमैलाको कारणबाट मानव, पशुपंक्षी, बोटविरुवा वा अन्य तवरले प्राकृतिक सन्तुलनमा प्रतिकुल प्रभाव पर्ने गरी वा पारेमा वा पर्ने भएमा प्रदुषण निवारणको लागि आवश्यक व्यवस्था गर्नेछ।

(१३) नगरपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी निजी वा सार्वजनिक क्षेत्रमा हानिकारक फोहरमैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै किसिमबाट संचय, निष्कासन वा नष्ट गर्न निषेध गर्न सक्नेछ।

(१४) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र फोहरमैला व्यवस्थित वा नियन्त्रण गर्ने कार्यको दैनिक रुपमा निरीक्षण गर्न वा आवश्यकता अनुसार निरीक्षण टोली खटाउन वा स्थानीय टोलविकास संस्थालाई जिम्मेवारी दिन सक्नेछ। यसकार्यमा सहयोग गर्नु सबैको प्रमुख कर्तव्य हुनेछ।

(१५) नगरपालिकाले उपलब्ध गराएको सडक, फोहरमैला व्यवस्थापन तथा ढल निर्माण आदि सेवा उपयोग गर्ने उद्योग, व्यवसाय र नगरवासीहरुले नगरपालिकाले समय समयमा निर्धारण गरे बमोजिमको सेवा शुल्क बुझाउनु पर्नेछ।

(१६) नगरपालिकाले नगरक्षेत्र भित्रका पुनः प्रयोग हुन सक्ने मालसामान संकलन गर्ने संकलनकर्ता (कवाडीवाला) लाइ प्रोत्साहित गर्न सक्नेछ।

(१७) नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा सरसफाईलाइ प्रतिकुल पार्ने उद्योग व्यापार व्यवसाय संचालन गर्न रोक लगाउन सक्नेछ।

(१८) सार्वजनिक स्थल, सडक, नाला र भवनलाई असर पर्ने गरी निर्माण सामाग्री, यातायातका साधन आदि राख्न पाइने छैन।

(१९) सार्वजनिक स्थल, सडक, नाला र भवनलाई अवरोध हुने गरी चौपाया वाध्ने, चराउने, पगाहा लगाउने आदि गर्न पाइने छैन।

**१७. विशेष सरसफाई क्षेत्र सम्वन्धी व्यवस्था**

(१) नगरको सौन्दर्यतालाइ बचाइ नगरपालिकाकै इज्जत प्रतिष्ठा बृद्धिका लागि नगरपालिकाको मुख्य भाग, सार्वजनिक ऐतिहासिक मठ मन्दिर एवं प्राकृतिक सौन्दर्य क्षेत्रलाइ चार किल्ला तोकी नगरपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) विशेष सरसफाई क्षेत्र घोषणा भएको महत्व र संवेदनशीलतालाई ध्यानमा राखी नगरपालिकाले त्यस्तो स्थानमा कुनै पनि किसिमको फोहरमैला फाल्न, थुपार्न वा वातावरणलाइ प्रतिकूल पार्ने कुनै काम गर्न गराउन निषेध गर्न सक्नेछ।

(३) कुनै टोलविकास संस्था वा वडा समिति वा सामाजिक संघ संस्थाबाट विशेष सरसफाई क्षेत्र तोक्न अनुरोध भई आएमा नगरपालिकाले विशेष सरसफाई क्षेत्र तोक्न सक्नेछ।

(४) फोहरमैला व्यवस्थापन र सरसफाईमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोलविकास संस्था वा सामाजिक संघ संस्थालाई नगरपालिकाले पुरस्कृत र प्रोत्साहित गर्न सक्ने छ।

**१८. सम्पर्क शाखा**

शारदा नगरपालिका क्षेत्रभित्र फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी कार्य नगरपालिका कार्यालयमा रहेको खानेपानी तथा सरसफाई इकाई मातहतको वातावरण तथा फोहरमैला व्यवस्थापन इकाईले गर्नेछ।

**१९. निर्णय सम्वन्धी व्यवस्था**

व्यवस्थापन समितिको सिफारिसको आधारमा नगरपालिकाले प्रचलित कानुनको अधिनमा रहि फोहरमैला व्यवस्थापनको कार्य निजी क्षेत्रलाइ जिम्मादिने, पूर्णरुपमा समुदायको जिम्मा दिने, संयुक्त कोष स्थापना गरि सञ्चालन र व्यवस्थापन गर्ने वा आंशिक रुपमा कुनै निश्चित कार्य गर्नको लागि मात्र कुनै निकायलाई जिम्मा दिने जस्ता व्यवस्थापनका जुनसुकै उपायहरु अवलम्बन गर्ने निर्णय गरि कार्यान्वयन गर्न सक्नेछ।

**२०. सेवा शुल्क सम्वन्धी व्यवस्था**

(१) शारदा नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

(२) सेवा शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिकाले गर्नेछ।

(३) यसरी उठाइने शुल्क सम्बन्धित शारदा नगरपालिका आफैले वा उसले तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ।

(४) नगरपालिकाबाट फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतिका आधारमा फोहरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायवाट सेवा शुल्क उठाउन सक्नेछ।

(५) फोहरमैला व्यवस्थापन शुल्कवाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउदा प्राप्त हुने आम्दानी छुट्टै शीर्षकमा आम्दानी बाँधी तोकिएको मापदण्डको अधीनमा रही वातावरणीय संरक्षण तथा फोहरमैलाको व्यवस्थापन सम्बन्धी कार्यमा मात्र खर्च गर्न सक्नेछ।

**२१. सेवा निलम्वन वा अन्त्य सम्वन्धी व्यवस्था**

(१) शारदा नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ। यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी शारदा नगरपालिकालाई दिनु पर्नेछ।

(२) सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित व्यक्ति वा संस्था आफैले गर्नु पर्नेछ।

(३) सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुन सेवा प्रदान गरिनेछ।

**२२. अनुमति सम्बन्धी व्यवस्था**

(१) शारदा नगरपालिकाको अनुमति नलिइ कसैले पनि सो क्षेत्रको फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न गराउन पाउने छैन।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी तथा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(क) फोहरमैला सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी अनुभव, आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण,

(३) यसरी पर्न आएको निवेदन ऊपर नगरपालिकाले आवश्यक जाँचबुझ गरि अनुमतिपत्र दिनसक्नेछ।

(४) अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था कानुनमा तोकिए बमोजिम हुनेछ।

**२३. फोहरमैलाको संकलन तथा विसर्जन सम्बन्धी व्यवस्था**:

(१) नगरपालिकाले फोहरमैला निष्कासनको समय, स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानी, प्रशोधन र अन्तिम विर्सजनका लागि असजिलो नहुने गरि निर्धारण गर्नेछ।

(२) नगरपालिकाले प्रशोधन स्थलमा लैजानु पर्ने फोहरमैलाको लागि छुट्टै समय, स्थान र तरिका समेत निर्धारण गर्न सक्नेछ।

(३) नगरपालिकाले फोहरमैला संकलन तथा सोको व्यवस्थापनको लागि समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव र त्यस्को न्यूनीकरणका उपायहरु समेतलाई ध्यान दिनु पर्नेछ।

**२४. सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्था**:

(१) नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा सरसफाईका लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्नेछ।

(२) यसरी सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्दा गराउँदा प्रचलित ऐन, नियमावली लगायत अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

(३) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहने गरी कार्य गरिनेछ ।

(४) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा गराउँदा सकेसम्म स्थानीय स्तरमा रहेका निजी क्षेत्रलाई साझेदारको रुपमा लिन प्राथमिकता दिइनेछ ।

(५) स्थानीय क्लब, सामुदायिक संस्था, टोलविकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा अन्य स्थानीय तथा वाह्य संघ संस्थाहरुलाई निजी क्षेत्रका रुपमा लिन सकिनेछ ।

(६) विभिन्न स्थानमा फरक फरक निजी क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एक रुपता ल्याउनका लागि सबै साझेदारहरुको संलग्नतामा नगरपालिका स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था नगरपालिकाले मिलाउन सक्नेछ ।

(७) फोहरमैला व्यवस्थापन गर्न नगरपालिकाले फोहरमैला उत्पादक सँग सरसफाई सेवा शुल्क लिनेछ । यसरी लिने शुल्क नगरपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(८) सहज र सरल रुपमा फोहरमैलाको व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले नगरवासीलाई पारिवारिक परिचय पत्र उपलब्ध गराउन सक्नेछ । यसरी परिचय पत्र उपलब्ध गराउँदा नगरपालिकाले उक्त परिचय पत्रको बहु उपयोग हुने गरी तयार गर्ने छ र यसको प्रयोग नगरपालिकाको सम्पुर्ण सेवा सुविधा सँग जोडन सक्नेछ ।

## परिच्छेद : ५ पाँच
## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

**२५. कोषको स्थापना**:

(१) नगरपालिकामा फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी कार्यको लागि छुट्टै शीर्षक रहने गरी कोष स्थापना गर्न सक्नेछ । उक्त शिर्षकमा देहाय अनुसारका रकमहरु रहनेछन् ।

(क) फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रमका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगर सभाले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कार्यक्रमको लागी प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नगर सभाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकारबाट विनियोजित रकम,

(च) सरसफाई शुल्क वापत नगरवासीवाट प्राप्त रकम,

(छ) फोहर प्रशोधन गरी पुन प्रयोगजन्य वनाइ विक्रीवाट प्राप्त रकम,

(ज) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

**२६. कोषको प्रयोग**: (१) यस शीर्षकमा जम्मा भएको रकम देहाय बमोजिमको कामको लागि मात्र प्रयोग गर्न सकिनेछ ।

(क) नगरस्तरीय फोहरमैला व्यवस्थापन तथा सरसफाई नीति तथा रणनीतिको तर्जुमा,

(ख) सचेतना कार्यक्रम संचालन,

(ग) फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी क्षमतामा अभिवृद्धि कार्यक्रम,

(घ) फोहरमैलाको संकलन तथा विसर्जन,

(ङ) फोहर प्रशोधन,

(च) विसर्जन स्थलको व्यवस्था,

(छ) फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी काम गर्ने संस्थाहरु वीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरीवेक्षण र अनुगमन गर्न,

(ज) सामाजिक सचेतना तथा सहभागितामुलक कार्यक्रम सञ्चालन गर्न,

(झ) अल्पकालीन र दीर्घकालीन फोहरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धी काम गर्न,

(ञ) फोहरमैला व्यवस्थापन तथा सरसफाईको लागि विनियोजन भएको रकम सोहि प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन।

**२७. नपुग रकमको व्यवस्था**:

रकम अभाव भइ फोहरमैला व्यवस्थापन तथा सरसफाई व्यवस्थापन कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि नगरपालिकामा आवश्यक व्यवस्थाका लागि सिफारिस सहित पेश गर्न पर्नेछ।

**२८. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्ने**:

आगामी आर्थिक वर्षमा फोहरमैला व्यवस्थापन तथा सरसफाईका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन नगरसभामा बजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको विवरण पेश गर्नुपर्नेछ

**२९. श्रेस्ता सम्बन्धी व्यवस्था**:

(क) कार्यालयले आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ।

(ख) समितिले प्रशासनिक खर्च नगर सभाबाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन।

(ग) सभावाट उपलब्ध गराउने बजेटको रकम तोकिएको क्षेत्रवाहेक अन्यत्र खर्च गर्न पाइने छैन।

**३०. बैठक भत्ता**

फोहरमैला व्यवस्थापन तथा सरसफाई विशेष कोषका पदाधिकारीहरुले बैठकमा भाग लिए बापत नगर सभाबाट तोकिए बमोजिमको मात्र बैठक भत्ता पाउने छन्।

**३१. विवरण सार्वजनिक गर्नुपर्ने**

फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ।

**३२. जाँचपास तथा फरफारक**

यस कार्यक्रम अन्तर्गत सञ्चालित स साना कार्यक्रमहरु पनि सम्पन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफारक गराउनु पर्नेछ। कोषबाट सञ्चालन गरिएका कार्यक्रमहरुको जाँचपास तथा फरफारक व्यवस्थापन समितिको बैठकबाट गरिनेछ।

## परिच्छेद-६ छ

## जिम्मेवारी तथा उत्तरदायित्व

**३३. नगरपालिकाको जिम्मेवारी**: (१) समितिले दिएको प्रतिवेदन वा सिफारिसका आधारमा नीति, कानून, योजना तर्जुमा गर्न सक्नेछ।

(२) सबै समिति/संघ/संस्था लगायतले गरेका सम्पूर्ण कार्यहरुको अनुगमन, निरीक्षण, नियमन, सुपरीवेक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(३) फोहरमैला व्यवस्थापनको जिम्मेवारी पाएको कुनै समिति/संघ/संस्थाले आफ्नो जिम्मेवारी तथा उत्तरदायित्व पूरा नगरेको देखिने मनासिव आधार भएमा सचेत गराउने, हस्तान्तरित सामग्री फिर्ता लिने वा सम्झौता भङ्ग समेत गर्न सक्नेछ।

**३४. वडा कार्यालयको जिम्मेवारी**: (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा नगरपालिकाबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने दायित्व वडा कार्यालयको हुनेछ।

(२) आफ्नो कार्यक्षेत्रभित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन, निरीक्षण, सुपरीवेक्षण गर्ने जिम्मेवारी वडा कार्यालयको हुनेछ।

(३) नगरपालिकाबाट समिति/संघ/संस्थालाई हस्तान्तरण/प्रदान गरिएका उपकरण, सवारी साधन, सामग्रीहरुको रेखदेख गर्ने, संरक्षण गराउने दायित्व वडा कार्यालयको हुनेछ।

**३५. समिति/संघ/संस्था/निजी क्षेत्रको जिम्मेवारी**: (१) समिति/संघ/संस्था तथा निजी क्षेत्रले नगरपालिकासँगको सम्झौता पश्चात देहाय बमोजिमको जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्नुपर्नेछः

(क) नगरपालिका र वडा कार्यालयसँगको समन्वयमा फोहरमैला व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने,

(ख) नगरपालिकाबाट हस्तान्तरित सामग्रीहरुको सञ्चालन, संरक्षण, मर्मत सम्भार र रेखदेख गर्ने।

## परिच्छेद-

## कसुर, दण्ड तथा सजाय सम्बन्धी व्यवस्था

**३६. कसुर**: (१) फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ बमोजिम कसैले देहायको कुनै कार्य गरेमा कसुर गरेको मानिनेछ ।

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्कासन गरेमा,

(ख) कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गरेमा,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने कार्य गरेमा,

(घ) यस कार्यविधि बमोजिम अनुमति नलिई सरसफाईको कार्य गर्ने गराउने,

(ङ) यस कार्यविधि बमोजिम सरसफाईको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लघंन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने गर्ने,

(ज) फोहरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न स्थानीय तहले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनैपनि किसिमको सवारी साधन विसाउने वा विसाइ राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकिदिएको ठाउँ बाहेक जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरि सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने वा निष्कासन गर्ने,

(ट) रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहर मैला जथाभावि फाल्ने, राख्ने वा निष्कासन गर्ने गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावि फाल्ने, राख्ने वा निष्कासन गर्ने गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध श्रृजना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा बाधा अवरोध, वन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने बस्तु भनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रतिवन्ध लगाएको कुनै बस्तुको उत्पादन तथा विक्रि वितरण गर्ने,

(त) ऐनको दफा ४४ विपरीत रसार्यानक विषादीको आयात गर्ने वा म्याद नाघेको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने,

(थ) श्रोतमै फोहरमैलाको पृथकीकरण नगरी ऐनको दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्कासन गर्ने,

(द) मरेका वा मारेका पशुपंक्षि र सोको लादी, प्वाँख, हडडी, तथा माछाको कत्ला आदि फोहरलाई तोकेको स्थान बाहेकमा राखेमा, फालेमा वा थुपारेमा ।

**३७. दण्ड सजाय सम्बन्धी व्यवस्था**:

(१) फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३९ तथा यस कार्यविधिमा उल्लेख गरे बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्ति वा संस्थालाइ देहाय बमोजिम दण्ड सजाय हुन सक्नेछ ।

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्कासन गर्नेलाई पहिलो पटक भए रु. पाँच हजार सम्मको जरिवाना, दोश्रो पटक गर्नेलाई रु. पाँच हजार देखि रु. दश हजार सम्मको जरिवाना र सो भन्दा बढि पटक गरेमा पटकै पिच्छे रु. पन्ध्र हजार जरिवाना गरी फोहरमैला उठाउदा लाग्ने खर्च समेत निजवाट असुल उपर गर्न सक्नेछ ।

(ख) कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गरेमा पटकै पिच्छे रु. पाँच सय देखि रु पाँच हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने गरेमा रु. पन्ध्र हजार देखि रु. पचास हजार सम्म जरिवाना गरी कन्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्ने ।

(घ) यस कार्याविधि बमोजिम अनुमति नलिई सरसफाईको कार्य गर्नेलाई पटकैपिच्छे रु. पन्ध्र हजार देखि रु. पचास हजार सम्मको जरिवाना र अनुमति नलिए सम्म त्यस्तो कार्य गर्न रोक लगाउने ।

(ङ) यस कार्यविधि बमोजिम सरसफाईको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लंघन गर्नेलाई रु. पन्ध्र हजार देखि रु. पचास हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(च) फोहरमैला संकलन केन्द्र, कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई पटकै पिच्छे रु. पाँच हजार देखि रु. पन्ध्र हजार सम्मको जरिवाना र त्यस्तो कसुरबाट कुनै क्षति भईसकेको रहेछ भने सो बराबरको क्षतिपूर्ति समेत भराउन सक्ने ।

(छ) घर कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने गरेमा पटकै पिच्छे रु. पाँच हजार देखि रु. पन्ध्र हजार सम्मको जरिवाना ।

(ज) फोहरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउनेलाई पटकै पिच्छे रु पाँच हजार देखि रु. पन्ध्र हजार सम्मको जरिवाना ।

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न स्थानीय तहले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनैपनि किसिमको सवारी साधन विसाउने वा विसाइ राखेको सवारी साधन हटाउन इन्कार गर्नेलाइ पटकै पिच्छे रु. पाँच सय देखि रु. पाँच हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(ञ) नगरपालिकाले तोकिदिएको ठाउँ बाहेक जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरि सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने वा निष्कासन गर्नेलाई रु. तीस हजार देखि रु. पचास हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(ट) रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहर मैला जथाभावि फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउने लाई रु. पचास हजार देखि रु. एक लाख सम्मको जरिवाना र सोही कसुर पुन गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरि प्रचलित कानुन बमोजिम अनुमति रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्ने ।

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावि फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउनेलाई रु. पचास हजार देखि रु. एक लाख सम्मको जरिवाना र सोहि कसुर पुन गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरि प्रचलित कानुन बमोजिम अनुमती रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्ने ।

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध श्रृजना गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले रु. दश हजार देखि रु पचास हजार सम्मको जरिवाना वा १५ दिन देखि ३ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने ।

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा बाधा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्नेलाइ सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले रु. दश हजार देखि रु. पचास हजार सम्मको जरिवाना वा १५ दिन देखि ३ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने।

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने बस्तु भनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रतिवन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा विक्री वितरण गर्नेलाइ सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले रु पाँच हजार देखि रु. दश हजार सम्मको जरिवाना वा ३ महिना सम्म कैद वा दुवै सजाय गर्न सक्ने।

(त) ऐनको दफा ४४ विपरीत रसायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्नेलाई रु. पचास हजार देखि रु. एक लाख सम्मको जरिवाना र सोहि कसुर पुन गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरि प्रचलित कानुन बमोजिम अनुमती रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्ने ।

(थ) श्रोतमै फोहरमैलाको पृथकीकरण नगरि ऐनको दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्कासन गर्नेलाई प्रत्येक पटक रु. पाँच सय सम्मको जरिवाना गर्न सक्ने ।

(द) मरेका वा मारेका पशुपंक्षि र सोको लादी, प्वाँख, हडडी तथा माछाको कत्ला आदि फोहरलाई तोकेको स्थान बाहेकमा राखेमा, फालेमा वा थुपारेमा पटकैपिच्छे रु. पाँच हजार देखि रु. पन्ध्र हजार सम्मको जरिवाना गर्न सक्ने।

(२) सडक पेटी, नालि माथि रेष्टुरेन्ट, माछामासु पसल, सब्जी पसल, चटपटे, गुपचुप, वर्कसप आदि व्यवसाय संचालन गर्ने लाई पटकै पिच्छे रु. एक हजार देखि रु. पाँच हजार सम्मको जरिवाना एवम् निश्चित समय भित्र सो नहटाएमा उक्त सामग्रीहरु जफत गर्न सक्ने।

(३) ठोस फोहर तथा शौचालयजन्य फोहर (दिशा, पिसाव, भान्साघरको फोहर) आदि सडक नाला ढलमा मिसाउने कार्य गर्नेलाई पटकैपिच्छे रु. एक हजार देखि रु पाँच हजार सम्मको जरिवाना एवम् निश्चित समय भित्र सो बन्द गर्न आदेश दिन सक्ने।

(४) सडक, पेटी, नाला इत्यादिमा निर्माणजन्य सामग्री थुपारी वाटो, पेटी अवरुद्ध गरेमा पटकै पिच्छे रु. पाँच हजार देखि रु. वश हजार सम्म जरिवाना गरी चौविस घण्टा भित्र सो सामग्री हटाउन आदेश दिन सक्ने ।

## परिच्छेद : ७ सात
## विविध

**३८. अनुगमन तथा मूल्यांकन**: (१) नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि बमोजिम गरिएका कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन बेहाय बमोजिम गरिनेछ।

(क) नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा दफा ११ (१) बमोजिम गठित समितिसँग समन्वय गरी गर्नेछ।

(ख) कार्यक्रम सञ्चालन भइ कार्यान्वयन भएकोमा प्राविधिक मूल्यांकनका आधारमा वा कार्य प्रगतिको आधारमा पेश्की दिन सकिनेछ।

(ग) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनका आधारमा दिइनेछ।

(घ) अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरुको जांचपास तथा फरफारक गरिनेछ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था नगरपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समिति मार्फत भएको संरचना निर्माण र पुन संरचना सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाइ लगायत विवरण संकलन काममा सम्लग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नु पर्दछ ।

**३९. पुरस्कार वा प्रशंसापत्र प्रदान**: राम्रो काम गर्ने उपभोक्ता समिति, कर्मचारी तथा संघ संस्थाहरुलाई शारदा नगरपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

**४०. प्रतिवेदन**: समितिवाट भए गरेका कार्यहरुको प्रगति प्रतिवेदन नगरपालिका कार्यालय मार्फत नियमित रुपमा सम्बन्धित निकायहरुमा पठाई राख्नु पर्नेछ ।

**४१. परामर्श लिन सक्ने**: फोहरमैला व्यवस्थापनको जिम्मेवारी पाएको कुनै समिति/संघ/संस्थाले यस कार्यविधिमा उल्लेख भएका विषयमा नगरपालिकासँग परामर्श लिन सक्नेछ।

**४२. थपघट हेरफेर वा संशोधन**: नगरपालिकाले यस कार्यविधिलाई प्रचलित विधि र प्रक्रिया बमोजिम आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**४३. बाधा अड्काउ फुकाउ**: यस कार्यविधि कार्यान्वयनका कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**४४. खारेजी र बचाउ**: फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि, २०७७ खारेजी गरिएको छ ।

(२) फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि, २०७७ बमोजिम भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची -१

**समिति/संघ/संस्थासँग गरिने सम्झौताको ढाँचा**

शारदा नगरपालिका खलंगा सल्यान (यसपछि प्रथम पक्ष भनिने) र .............................. ...................................................(यसपछि दोस्रो पक्ष भनिने) का विच शारदा नगरपालिकाको ---------------------------- -- क्षेत्रबाट फोहरमैला संकलन/ढुवानी गर्ने प्रयोजनको लागि................. बुझिलिई सञ्चालन गर्न देहायका सर्तमा मन्जुर भई यो सम्झौता गरिलियौं/दियौं।

<u>सर्तहरु:</u>

१. प्रथम पक्षले दोस्रो पक्षलाई सम्झौतामा हस्ताक्षर भएको मितिदेखि सञ्चालन हुनेगरी........ थान........... उपलब्ध गराउनेछ।

२. प्रथम पक्षले उपलब्ध गराएको................. को सञ्चालनको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।साथै फोहोरमैला संकलन गर्ने प्रत्येक घरधुरीले समितिले निर्धारण गरेको दररेट अनुसारको रकम समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

३. सवारी साधन सञ्चालनको लागि आवश्यक पर्ने चालकको छनोट, नियुक्ति तथा पारिश्रमिक सम्बन्धी सम्पूर्ण व्यवस्था दोस्रो पक्षले गर्नुपर्नेछ।

४. सवारी साधनको लागि आवश्यक पर्ने इन्धन, मर्मत संभार, रेखदेख लगायतका सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

५. प्रत्येक आर्थिक वर्षको अन्त्यमा आगामी आर्थिक वर्षको लागि सम्झौता नविकरण गरिनेछ। नविकरणको लागि दोस्रो पक्षले आर्थिक वर्ष समाप्त हुनुभन्दा १५ दिन अगावै प्रथम पक्ष समक्ष निवेदन दिनु पर्नेछ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने साधनले फोहोरमैला संकलन र व्यवस्थापन गर्ने अन्य समयमा नगरपालिका क्षेत्र भित्र निर्माण सामाग्रीहरुको ढुवानी गर्ने, तेस्तो सामग्री ढुवानी गरे बापत समितिले निर्धारण गरेको दररेट अनुसारको रकम असुल गर्ने, त्यस्तो कारोबार गर्दा समितिको नगदी रसिद बाट आम्दानी गरि सैमितिको बैंक खातामा जम्मा गर्नु पर्दछ । बैंक खातामा जम्मा गरेको रकम बाट चालकको तलब भत्ता सवारी साधनको नियमित मर्मत ,सवारी साधानको नविकरण लगायतका कार्यमा खर्च गर्नुपर्दछ । आर्थिक बर्षको अन्त्यमा नगरपालिकाको रोहबरमा आम्दानी र खर्च सार्वजनिक गर्नुपर्दछ जुन प्रयोजनको लागि प्रदान गरिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ।

७. यो सम्झौताको अवधि एक वर्षको लागि मात्र हुनेछ। कुनै कारणवश सम्झौता तोड्नुपरेमा दोस्रो पक्षले एक महिना अगावै प्रथम पक्ष समक्ष लिखित जानकारी गराउनुपर्नेछ भने प्रथम पक्षले १५ दिन अगावै दोस्रो पक्षलाई जानकारी गराउनेछ।

८. यस सम्झौताको सम्बन्धमा कुनै अष्पष्टता भएमा दुवै पक्षको आपसी समझदारीमा स्पष्ट गरिनेछ।

९. यो सम्झौतामा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

**प्रथम पक्ष** | **दोस्रो पक्ष**
---|---
हस्ताक्षरः | हस्ताक्षरः
नामः | नामः
पदः | पदः
कार्यालयः | कार्यालयः
**रोहबर** | **रोहबर**
हस्ताक्षर | हस्ताक्षर
नामः | नाम
पदः | पदः
कार्यालयः | कार्यालयः

आज्ञाले
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत